# नेपाल भूकम्प अपिल प्रतिकार्य समीक्षा

## कार्यकारी सारांश

अप्रिल २५, २०१५ शनिवार नेपालको गोर्खा जिल्लामा आएको ७.८ म्याग्नीच्युडको भूकम्प सन् १९३४ को भूकम्प पछि नेपालले अनुभव गरेको सबैभन्दा ठूलो विपद् थियो । यसमा ८,७९० भन्दा बढी मानिसहरू मारिएका तथा २२,३०० भन्दा बढी मानिसहरू घाइते भएका थिए, र त्यस पछि सगरमाथा नजिक मे १२, २०१५ मा ७.३ म्याग्नीच्युडको दोस्रो भूकम्प गएको थियो । त्यस पछिका सयौं पराकम्पनहरूले, जस मध्ये कैयन् ठूला थिए, त्रसित मानिसहरूलाई विपद्को असरलाई स्मरण गराइरहेको छ । यसबाट पुगेको क्षति तथा नोक्सानी करिब सात अरब अमेरिकी डलर रहेको अनुमान गरिएको छ जसमा करिब पाँच लाख घरहरू आंशिक वा पूर्णरूपमा क्षतिग्रस्त भएका छन् र त्यसको परिणाम स्वरूप करिब ७,००,००० नेपालीहरू गरिबीमा धकेलिने तथ्य नेपाल सरकारले अनुमान गरेको छ ।

विपद् आकस्मिक कमिटी (संयुक्त अधिराज्य) [Disasters Emergency Committee (UK)][१] तथा मानवीय गठबंधन (क्यानाडा) [Humanitarian Coalition (Canada)][२] दुवैले आफूलाई व्यापक मानवीय आवश्यकताहरूमा प्रतिकार्य जनाउनमा सक्षम बनाउनको निम्ति आफ्नो सदस्यहरू बीच कोषको लागि अपिल गरेर भूकम्प प्रति प्रतिक्रिया जनाएका छन् । एचसी सम्मिलित डिईसीले हालसम्म गरिएको प्रतिकार्यको संक्षिप्त विवरण उपलब्ध गराउन; असंगति, प्राथमिकताका क्षेत्र तथा पुरा नगरिएका आवश्यकताहरू पहिचान गर्नको लागि एउटा प्रतिकार्य समीक्षा आयोजना गरेको थियो । यसो गरेर नविन विधिहरू तथा उदाहरणीय कार्यक्रम तर्जुमाको साथै यस प्रतिकार्यबाट सिकिएका मुख्य पाठहरू पहिचान गरिएको थियो ।

**मुख्य पाठ तथा सिफारिसहरू:**

विपद् लगत्तै सरकारी समन्वय, जिल्ला स्तरमा केही पूर्व स्थितिकरण र विषयगत क्षेत्रहरू जस्ता पूर्व तयारीका उपायहरूले राम्ररी काम गर्यो । एउटा ठूलो भूकम्पको आउने अनुमानमा केही अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (अन्तर्राष्ट्रिय गैसस) हरूले काठमाण्डौ उपत्यकामा कैयन् तयारीका प्रयासहरूको ढाँचा तयार गरेका भएतापनि यो भूकम्पले मुख्य गरेर ग्रामीण क्षेत्रहरूमा असर पार्यो, यद्यपि विपद्को असर परेको तीनवटा जिल्लाहरू (काठमाण्डौ उपत्यकामा अवस्थित) सहरी क्षेत्रहरू हुन । सरकारको आवासको मुआवजा प्राप्त नगरेका न्यून आय भएका भाडावालहरू जस्ता यहाँका प्रभावितहरू अन्तर्राष्ट्रिय गैससहरूको नजरमा मुख्यतः परेका छैनन् ।

---

[१] डिएचसी सदस्य संघ संस्थाहरू: एक्सनएड (ActionAid); एज ईन्टरनेशनल (Age International); ब्रिटिश रेडक्रस (British Red Cross); काफोड (CAFOD); केयर ईन्टरनेशनल युके (CARE International UK); क्रिश्चियन एड (Christian Aid); कन्सर्न (Concern); ईस्लामिक रिलिफ (Islamic Relief); अक्सफाम (Oxfam); प्लान युके (Plan UK); सेभ द चिल्ड्रेन युके (Save the Children UK); टियरफण्ड (Tearfund) र वर्ल्ड भिजन (World Vision) ।

[२] एच सी सदस्य संघ संस्थाहरू: सेभ द चिल्ड्रेन क्यानाडा (Save the Children Canada); अक्सफाम क्यानाडा (Oxfam Canada); अक्सफाम-क्युबेक (Oxfam-Québec); प्लान क्यानाडा (Plan Canada) र केयर क्यानाडा (CARE Canada) ।

नेपालमा कार्य सञ्चालन वातावरणले निकै ठूला चुनौतीहरू पेश गर्छ। धेरैजसो स्-साना आकारका तथा फराकिलो क्षेत्रमा छरिएर रहेका दुर्गम पहाडी समुदायहरूमा पहुँच पुर्याउने परेकोले यसले कार्य क्षेत्रलाई व्यापक तथा कठिन व्याप्तिलाई कठिन बनाउँछ।  सरकारले बलियो प्रतिकार्य उपलब्ध गरायो जुन शुरूमा सकारात्मक र द्रुत थियो, यद्यपि केही महिना पछि निर्णयहरू लिनमा ढिलाइ गर्नाले अन्तर्राष्ट्रिय गैसस तथा अरूहरूलाई आफ्नो कार्यहरूलाई अगाडि बढाउन समस्या भयो र कार्यहरू अवरुद्ध भए। नेपालमा पछिल्ला केही वर्षहरूमा 'राजनैतिक अस्थिरता तथा हिंसा" को परिणामस्वरूप हाल जटिल खालको शासन प्रणाली रहेको छ। जिल्लाहरूले ऐन, नियमहरूलाई भिन्न-भिन्न प्रकारले व्याख्या गर्ने र लागू गर्ने गर्छन् जसको कारण काम गर्ने वातावरण जटिल हुँदै जान्छ। आफ्नो संविधानको मस्यौदा तयार गर्ने प्रक्रियामा सरकारी र नागरिक समाजको प्रयासहरू आवश्यक परिरहने भएकोले यो देश एक जटिल मोडमा रहेको छ।

सबै डिईसी/एचसी सदस्यहरू लगायत अन्तर्राष्ट्रिय गैससहरूले आफ्ना कार्ययोजनाहरूलाई सोझै लागू गर्न सक्दैनन्। यसका लागि तिनीहरूले राष्ट्रिय र स्थानीय गैर सरकारी संस्था (गैसस) मार्फत काम गर्नु पर्छ। राष्ट्रिय/स्थानीय गैससहरू र तिनीहरूको अन्तर्राष्ट्रिय साझेदारहरू बीचको सम्बन्धमा केही चुनौतीहरू (आफ्नो कार्य सञ्चालनका लागि करिब सबै राष्ट्रिय/स्थानीय गैससहरू अन्तर्राष्ट्रिय गैससको रकमहरू माथि निर्भर छन्) रहेको भएतापनि पुनर्लाभ रकमहरूको प्रवेशलाई रणनीतिक रूपमा प्रयोग गर्ने प्रभावकारी अन्तर्राष्ट्रिय गैसस/राष्ट्रिय गैसस साझेदारीले स्थानीय नागरिक समाज र शासनको प्रक्रियाहरूलाई सबल बनाउनको लागि सफल हुन सक्छ। डिईसी/एचसी सदस्यहरू बीच र अन्यहरूसँगको समन्वय मुख्यतः प्रभावकारी रहेको छ। केन्द्र तथा जिल्ला स्तरमा सरकारसँगको सम्बन्ध बलियो रहेको छ भने विषयगत क्षेत्रहरूसँगको संलग्नता राम्रो रहेको छ, यद्यपि विस्तृत प्रयोगको लागि जानकारी र विश्लेषणलाई साझेदारी गर्न अझ बढी कामहरू गर्न सकिन्छ।

राहतको प्रारम्भिक वितरण पछि अहिलेको प्राथमिक आवश्यकताहरू भनेको स्थायी आवास (कैयन् गाउँहरू करिब र सम्पूर्ण रूपमा नष्ट भएका थिए) र जीविकोपार्जन पुनर्लाभमा मद्दत पुर्याउनु हो जुन ग्रामीण क्षेत्रमा धेरैजसो कृषि र पशुपालन हो। हालसम्म आश्रय स्थलमा डिईसी/एचसी सदस्य संघसंस्थाको प्रतिकार्यहरूमा प्रारम्भिक पालहरू बाहेक सिजिआई (प्रतिकार्य भरि नै खाँचो रहेको सामग्री) तथा औजारहरू र/अथवा सिजिआई खरिद गर्नको लागि नगद अनुदानहरू रहेका छन्। अहिलेको चुनौती भनेको स्थायी आवासमा निवेश गर्ने बारेमा सोचाइलाई बदल्नु हो जुन जीविकोपार्जनको अवसरहरूमा सुधार ल्याउनको साथै आवासको गुणस्तरमा सुधार ल्याउनको लागि डकर्मी, सिकर्मी र अरूहरूलाई गुणस्तरीय तथा प्रमाणित तालिम उपलब्ध गराएर सम्भवतः सबैभन्दा असल तवरले पुरा हुनेछ। भूकम्पिय रूपमा सुरक्षित विधिले परम्परागत निर्माणका पद्धतिहरू र परम्परागत सामग्रीहरूको प्रयोगलाई प्रोत्साहन गरेर अन्तर्राष्ट्रिय गैससहरू तथा तिनीहरूको साझेदारहरूको निमित्त दीर्घकालीन पुनर्लाभमा लगानी गर्ने अवसर प्रस्तुत गर्छ।

अहिले केही स्थानहरूमा रहेको परनिर्भरताको भावनालाई सामना गर्नको लागि समुदायहरूलाई तिनीहरूको आफ्नै बलबुतालाई प्रयोग गरेर पुनर्लाभ गर्नमा मद्दत पुर्याउनको लागि सम्पूर्ण शक्ति त्यस तर्फ लैजान आवश्यक छ; यसको एउटा हिस्सा समुदायहरूलाई के-के आवश्यक छ र सबैभन्दा सही तरिकाले कसरी मद्दत पुर्याउने भन्ने बारेको स्पष्टता माथि रहेको छ। राहत प्रयास बारेको समुदायहरूको प्रारम्भिक प्रतिपुष्टि नाजुक रहेको छ -  एउटा सर्वेक्षणमा आधा भन्दा बढी जवाफकर्ताहरूले आफ्नो कुरा सुन्दै नसुनिएको अनुभव गरेको बताए र करिब दुई तिहाइले राहतको प्रयासमा आफूले कुनै प्रगति भएको नदेखेको बताए। करिब तीन चौथाइ (७३%)महिलाहरूले आफ्नो आवश्यकताहरूलाई विरलै मात्र पुरा गरिएको वा पुरा गर्दै नगरिएको बताए। लैङ्गिकता एउटा त्यस्तो मुद्दा हो जसमाथि संघ संस्थाहरूले अझ बढी ध्यान केन्द्रित गर्नुपर्छ; साथै विशेष गरेर दलित र समाजको सबैभन्दा तल र पछाडि रहेका अन्यहरू गरि सबैभन्दा बढी सीमान्तकृत समुदायहरूमा पहुँच पनि त्यस्तै महत्वपूर्ण छ। समुदायका सदस्यहरू र छाडिएका हुन सक्नेहरूसँग सूचीहरू पुन: जाँच गर्नु त्यस कारणले आवश्यक छ।

सरकार र अन्तर्राष्ट्रिय गैससहरू दुवैले प्रयोग गरेका नगद स्थानान्तरणहरू प्रतिकार्यको लागि मेरुदण्डको रूपमा रहेका छन्। नगद अनुदानहरूको शृङ्खला रहेको कारणले गर्दा समय-समयमा केही अन्योलताहरू सृजना भएको छ र समुदायहरू बीचमा अफवाहहरू फैलिएको छ। यद्यपि खामहरूमा राखेर, बैंक स्थानान्तरणहरू लगायतका वितरण विधिहरूको नगद र भविष्यमा वृद्धि हुन सक्ने केही मोबाईल फोनहरू वितरण मार्फत कार्यले राम्रो काम गरेको छ।

अझ बढी दक्ष मूल्यांकनहरू तथा अनुगमनको लागि कार्यस्थलका कर्मचारीहरूद्वारा मोबाईल फोनहरूको व्यापक प्रयोगको साथै प्रविधिलाई पनि असल प्रयोगमा लगाइएको छ । आईएफआरसी (IFRC) को सर्ज ईन्फरमेसन मेनेजमेन्ट सिस्टम (सिम्स) (Surge Information Management System) जस्तो प्रभावकारी सूचना व्यवस्थापनका पहलहरूले जटिल सूचनालाई सजिलै प्रयोग गर्न सकिने विधिमा बदल्छ र उपलब्ध गराउँछ । अन्तर्राष्ट्रिय गैससहरू (तथा अन्यहरूले) यसलाई अझ बढी व्यापक बनाउन आवश्यक छ: हाल प्राय:जसो अति बढी जटिल र राम्ररी सञ्चारण नगरिएको विधिहरूमा सूचनाहरू आदान प्रदान गरिने हुँदा ठूलो निष्फलता रहेको छ । यो संघसंस्थाहरूको बीचमा र गैर सरकारी संस्था देखि समुदाय सम्म पनि हुने गर्छ । आपसी सहयोग चिन्तन र सिकाइको लागि पुनर्लाभको चरणमा थप स्थान बनाउन सकिन्छ र सूचनालाई कसरी प्रस्तुत गरिन्छ भन्ने बारे अझ बढी सोचाइ र दक्षता आवश्यक हुन्छ ।

नीति निर्माणको स्तरमा भूकम्प र त्यसपछि आउने आकस्मिक पक्षहरूको बहावले सन् २००७ देखि छलफलमा रहेको विपद् व्यवस्थापन ऐन लाई औपचारिक मान्यता दिनको लागि त्यसलाई अगाडि बढाउन अवसर उपलब्ध गराउँछ । यो अरूले पनि सिक्न सक्ने विश्वस्तरको विधान बन्ने भएकोले आकाङ्क्षाहरू उच्च हुन सक्छन् । अन्तर्राष्ट्रिय गैससहरूले अन्य ठाउँहरूबाट आफ्नो अनुभवहरूलाई ल्याएर, अझ बढी सामूहिक आवाज विकास गरेर (उदाहरणको लागि अन्तर्राष्ट्रिय गैर सरकारी संस्था संघ नेपाल (एआईएन) मार्फत) यसमा अझ बढी प्रभावकारी ढङ्गले योगदान दिन सक्छन् । अन्त्यमा, पुनर्लाभका प्रयासहरू पुनर्लाभका कार्यहरूमा नेपाल जोखिम न्यूनिकरण समूह (एनआरआरसी) (Nepal Risk Reduction Consortium) को “उत्थानशील समाजको नौ न्यूनतम विशेषताहरू” समावेश गर्ने जस्ता अझ व्यापक भूकम्प पूर्व तयारीका प्रयासहरूसँग जोडिन पनि आवश्यक हुन्छ ।

सिफारिसहरू:

१. पुनर्लाभको लागि पुग्न नसकिएका गाविस तथा वडाहरू, दर्तामा छुटेकाहरू, सहरी भाडावालहरू तथा सबैभन्दा बढी सीमान्तकृत समुदायहरू जस्ता हालसम्म प्रतिकार्यद्वारा समावेश नगरिएकाहरूको आवश्यकताहरू पहिचान तथा सम्बोधन गर्ने र मानिसहरूले प्राथमिकतामा राखेका आवश्यकताहरूलाई सुन्न र सम्बोधन गर्नको लागि रणनीति विकास गर्ने;
२. अर्को विपद्को लागि तयार रहने: पुनर्लाभको कार्यहरूमा उत्थानशील समाजको एनआरआरसी नौ न्यूनतम विशेषताहरू लागू गर्ने;
३. आपत्कालिन तयारीको लागि समर्पित रहेको स्थानीय स्तरको सरकारी कोषलाई मान्ने र समता, समावेशीता तथा लैङ्गिक समानतालाई प्राथमिकता दिने विश्वमा नेतृत्वदायी भूमिका खेल्न सक्ने विपद् व्यवस्थापन ऐन पारित गर्न पैरवी गर्नको लागि 'पुनर्लाभ समय' को फाइदा उठाउने ।
४. नगद वितरणहरूमा समुदायहरू भित्र समताको लागि सचेत रहने र संघसंस्थाहरू बीच रकम तथा वितरण विधिहरूको समन्वय गर्ने । के-के कुराहरूले काम गर्छ भन्ने बारे प्रमाणमा आधारित आधार स्थापना गर्नको लागि सिकाइ तथा साझेदारीलाई अग्र सक्रिय भएर सहजिकरण गर्ने ।
५. जनताहरूको वास्तविकतालाई सुनेको कुरामा आधारित भएर सही आवास तयार गर्ने: भूकम्पिय मानकहरूलाई पालन गरि स्थानीय स्तरमा रहेका पद्धती तथा सामग्रीहरूलाई प्रयोग गर्ने परम्परागत निर्माणको अभ्यासहरूलाई प्रोत्साहित गर्ने ।
६. सिटिईभिटी जस्तो मान्यता प्राप्त प्रमाणीकरण गरिएको योजनाहरू प्रयोग गरेर महिला तथा पुरुष सिकर्मी, प्लम्बर, डकर्मी र अन्यहरूलाई तालिम दिएर सुरक्षित पुनर्निर्माण र भविष्यको जीविकोपार्जन दुवैमा लगानी गर्ने ।
७. सरकार र अन्य सरोकारवालाहरूमा साझा मुद्दाहरूको प्रतिनिधित्व गर्दा एआईएन जस्तो स्थापित सञ्जालहरूलाई प्रयोग गर्दै सामूहिक अन्तर्राष्ट्रिय गैससहरूको सामूहिक आवाज रहेको सुनिश्चित गर्ने ।
८. राष्ट्रिय र स्थानीय गैससको क्षमतामा वृद्धिमा अझ बढी योगदान दिने; पुनर्लाभका योजनाहरू गैससहरूसँग अनिवार्य रूपले संयुक्तरूपमा विकसित गरिनु पर्छ ताकि रणनीति, निर्देशन र समाप्तिमा यी साझेदारहरूको समान हिस्सा रहोस् ।
९. अफवाहहरूको सामना गर्नको लागि समुदायहरूसँगको दुई तर्फी सञ्चारणमा सुधार ल्याउन, स्पष्ट तथा नियमित सन्देश आदानप्रदानलाई कायम राख्न र संघसंस्था, समन्वयकारी निकायहरू तथा सरकारको लागि उपयोगी सुझाव तथा विश्लेषणहरूलाई साझेदारी गर्नको लागि एक आपसमा सहयोग गरेर कार्य गर्ने । अन्तर्राष्ट्रिय गैससहरूले जनताको कुरा सुनेको

सुनिश्चित गर्नको लागि समुदायको सुझावहरूको परिणाम स्वरूप कार्यक्रमहरू कसरी पारित गरिएको छ भनेर अनुगमन तथा रिपोर्ट गर्ने ।

१०. कार्यक्षमता र प्रभावकारितामा सुधार ल्याउनको लागि संघसंस्थाहरू बीच, विषयगत क्षेत्रहरूका बीच र सरकारसँग उपलब्ध रहेका र उदीयमान डिजिटल उपायहरूको प्रयोगका लागि सञ्चारमा अर्थपूर्ण ढङ्गले लगानी गर्ने ।

***पुरा विवरण यहाँ उपलब्ध छ http://humanitariancoalition.ca/about-us/reports/evaluation-reports***

*कार्यस्थल अभियान अगष्ट २-१४, २०१५ सम्म चलेको थियो र समीक्षा टोलीमा डेभिड सेन्डरसन (टोली नेता, संयुक्त अधिराज्य) एन्ड्रीया रोडरिक्स (परामर्शदाता, भारत) र नबिना श्रेष्ठ (परामर्शदाता, नेपाल) रहनुभएको थियो । बेन रामालिङ्गम (परामर्शदाता, संयुक्त अधिराज्य) ले संयुक्त अधिराज्यबाट नविनकार्य डेस्क समीक्षा गर्नुभएको थियो । नेपालको टोलीमा डिएचसी/एचसी कर्मचारी /सदस्यहरू करुणा अमात्य (अक्सफाम नेपाल, दोस्रो हप्ताको लागि), फ्रान्सेस क्राउले (डिईसी, संयुक्त अधिराज्य) मोनिक मोराजेन (सेभ द चिल्ड्रेन क्यानाडा, दोस्रो हप्ताको लागि) तथा एन्थोनी स्कोगिन्स (अक्सफाम क्यानाडा, पहिलो हप्ताको लागि) रहनुभएको थियो ।*